## भाग २

### अर्थमन्त्रालय (आय–विभाग)को विज्ञप्ति

गत भाद्र १७ गते का. इ. ज्ञानेश्वर बस्ने अ. इन्द्रविक्रम पाँडेले महसूल छल्ने नियतले क्याप्टेन चुरोट १,२५,००० रहेको ट्ङ्क ६ श्री ५ युवराजाधिराजका नाउँमा हवाइजहाजबाट चलान गरेको रहेछ। सो अदतहरू नारायणहिटी दरबार दाखिल भएपछि ती मालहरू मौसूफको नभएको हुनाले भन्सार गोस्वारामा चलान भएर आयो। महसूल छल्ने नियतले श्री ५ सरकारको नाउँमा माल चलान गरेको हुनाले भन्सारका सवालको २६ दफाअनुसार सो चुरोट जफत भएको छ।

आज्ञाले
चूडानन्द वैद्य
का. मु. सेक्रेटरी,—अर्थमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म